नेपाली

विभिन्न देशका बिदेशीहरुको लागि समाचार

Ota City Navigation

Vol.44 | 2024.10

# "Ota Fureai Festa (ओता फुरेआइ फेस्ता) 2024" को आयोजना गरिंदैछ!





**यो वर्ष पनि हेइवाजिमा वरपरका 3 कार्यक्रमस्थलहरूमा "Ota Fureai Festa (ओता फुरेआइ फेस्ता)" को आयोजना गरिनेछ!**

ओता सहर भित्रका स्थानीय रेस्टुरेन्टहरूको स्टलहरूका साथै विभिन्न प्रकारका स्टेजहरू, मिकोसी परेड जस्ता ओता सहरको आकर्षण अनुभव गर्न सक्ने जीवन्त र रमाइलो इभेन्टहरूको आयोजन गरिनेछ!

- **फुरुसातो-नो-हामाबे एरिया** (ओमोरी फुरुसातो-नो-हामाबे पार्क　ओता सहर फुरुसातो-नो-हामाबे पार्क 1-1)
  यो बहुसांस्कृतिकताको विषयवस्तुमा केन्द्रित स्टेज इभेन्ट र अन्तर्राष्ट्रिय आदानप्रदानको उत्साह गुञ्जिने क्षेत्र हो।
- **सूर्यको क्षेत्र** (हेइवाजिमा पार्क　ओता सहर हेइवाजिमा 4-2-2)
  यो दमकलको प्रदर्शनी, खेलकुदको अनुभव जस्ता बच्चालाई रमाइलो लाग्ने क्षेत्र हो।
- **हरियाली क्षेत्र** (हेइवा-नो-मोरी पार्क　ओता सहर हेइवा-नो-मोरी पार्क 2-1)
  यो वातावरणलाई विषयवस्तुको रूपमा प्रदर्शनी गरिने क्षेत्र हो।

2024 साल नोभेम्बर 2 तारिख (शनिबार) र 3 तारिख (आइतबार)
दुबै दिन 10:00 am~4:00 pm, वर्षा भए तापनि आयोजना गरिनेछ।

प्रवेश निःशुल्क

संस्कृति प्रवर्द्धन शाखा　संस्कृति प्रवर्द्धन कर्मचारीn
☎ 03-5744-1226　FAX 03-5744-1539

## ■विदेशी बालबालिकाहरूलाई ओता सहरद्वारा सञ्चालित प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा भर्नाको आवेदन

2025 साल अप्रिलमा ओता सहरद्वारा सञ्चालित प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा भर्ना गर्न चाहने विदेशी बालबालिकाहरूको लागि, विद्यालयमा भर्नाको आवेदन दिनुपर्नेछ। दायरामा पर्ने व्यक्तिहरूलाई अक्टोबरको पहिलो हप्ता तिर विद्यालयमा भर्नाको जानकारी पठाउने योजना रहेको छ।

[दायरामा पर्ने व्यक्तिहरू]

2018 साल अप्रिल 2 तारिख~2019 साल अप्रिल 1 तारिखमा जन्मेका बालबालिकाहरू (प्राथमिक विद्यालयमा भर्ना)

2012 साल अप्रिल 2 तारिख~2013 साल अप्रिल 1 तारिखमा जन्मेर ओता सहरको प्राथमिक विद्यालयबाट स्नातक गर्ने अपेक्षा गरिएका बालबालिकाहरू (निम्न माध्यमिक विद्यालयमा भर्ना)

म्याद 2024 साल अक्टोबर 21 तारिख (सोमबार)

अभिभावकले आवेदन दिने ठाउँमा बसोबास कार्ड (रेजिडेन्स कार्ड) अथवा विशेष स्थायी बसोबासी (पिआर) प्रमाणपत्र लिएर गई आवश्यक प्रक्रिया गर्नुहोस्।

शैक्षिक मामिला शाखा, विद्यालय भर्ना तथा मार्गदर्शन कर्मचारी (ओता सहर कामाता 5-37-1 निस्सेइ आरोमा स्क्वायर 5F)

खुला समय 8:30 am~5:15 pm (शनिबार, आइतबार र सार्वजनिक बिदाको दिन बाहेक)

☎ 03-5744-1429

FAX 03-5744-1536


## ■बालबालिका भत्ता प्रणाली संशोधनसँग सम्बन्धित आवेदनको जानकारी

2024 साल अक्टोबरको भत्ता (डिसेम्बर भुक्तानी रकम) देखि बालबालिका भत्ताको प्रणाली संशोधन हुनेछ।

[प्रमुख परिवर्तन बुँदाहरू]

- आय प्रतिबन्ध हट्नेछ।
- पालनपोषण गरिरहेको बालबालिका 18 वर्ष पुगेको पहिलो आर्थिक वर्षको अन्त्यसम्म भुक्तानी अवधि लम्बिनेछ।
- धेरै बच्चाहरूको लागि थप रकम: तेस्रो बच्चा र त्यसपछिका बच्चाहरूको लागि प्रदान गरिने प्रति महिनाको रकम 15 हजार येनबाट 30 हजार येनमा बढाइनेछ।
- धेरै बच्चाहरूको लागि थप रकमको दायरामा पर्ने उमेर 22 वर्ष पुगे पछिको पहिलो आर्थिक वर्षको अन्त्यसम्म लम्बिनेछ।
- भुक्तानी महिनालाई वार्षिक 3 पटकबाट वार्षिक 6 पटक (दुईले भाग जाने संख्याको महिना) मा बढाइनेछ।

आवेदन विधि आदि सम्बन्धी विस्तृत जानकारीको लागि ओता सहरको वेबसाइटमा हेरी निश्चय गर्नुहोस्।




बाल सेवा सहायता शाखा, बाल चिकित्सा कर्मचारी

☎ 03-5744-1275

FAX 03-5744-1525

## ■उच्च शिक्षाको लागि उच्च माध्यमिक विद्यालय आदिमा भर्ना हुनुहुने व्यक्तिहरूको लागि अनुदान ढाँचाको छात्रवृत्ति प्रणालीको जानकारी

ओता सहरले कर छुट परिवारको व्यक्तिहरू मध्येका एक निश्चित स्तरको नतिजा मापदण्ड पूरा गरेका व्यक्तिहरूको लागि अनुदान ढाँचाको छात्रवृत्तिको आवेदन खुला गर्नेछ। *सर्त तथा छनोट मापदण्डको लागि सोधपुछ गर्नुहोस्। विस्तृत जानकारीको लागि ओता सहरको वेबसाइट हेर्नुहोस्।

नोभेम्बरको पहिलो हप्ता~जनवरीको पहिलो हप्ता तिर

80,000 येन 50 जना

आवश्यक कागजात आवेदन दिने ठाउँमा लिएर जानुहोस् वा हुलाक मार्फत पठाउनुहोस्

कल्याण व्यवस्थापन शाखा सार्वजनिक सहायताको जिम्मेवार कर्मचारी (〒144-8621 ओता सहर कामाता 5-13-14)

☎ 03-5744-1245

FAX 03-5744-1520

## ■एघारौं इचुचुनोवा फुरेआइ माचुरी

यो ओमोरी हिगासी क्षेत्रको टोल समिति महासंघद्वारा आयोजित र सञ्चालन गरिने स्थानीय माचुरी हो। बुथहरूमा ससेज, ओसिरुको आदिको बिक्री र बालबालिका कर्नरमा ड्रोन सञ्चालनको अनुभव, मिनी ट्रेन राइडको अनुभव आदिको व्यवस्था गरिनेछ। यसबाहेक JAL, टोक्यो मोनोरेल जस्ता कम्पनीहरूको बुथहरूका साथै स्वास्थ्य परामर्श कर्नर आदि पनि राखिने योजना रहेको छ। बच्चादेखि वृद्धवृद्धासम्म सबैले मज्जा लिन सक्ने गतिविधिहरू तयार गरिएको छ।

2024 साल अक्टोबर 20 तारिख (आइतबार) 10:00 am~3:00 pm (हल्का वर्षा भए तापनि आयोजना गरिनेछ।)

- ओमोरी हिगासी विशेष उपशाखा कार्यालय (ओता सहर ओमोरी मिनामी 4-9-1)
- मोरिगासाकी कोचु पार्क (ओता सहर ओमोरी मिनामी 4-9-3)
- मोरिगासाकी च्योकुकाएन सिबाफु पार्क (ओता सहर ओमोरी मिनामी 4-6-2)
- ओमोरी मिनामी 4 च्योमे कोज्यो अपार्टमेन्ट (टेकुनो FRONT मोरिगासाकी) (ओता सहर ओमोरी मिनामी 4-6-15)



निःशुल्क

सहभागी संख्यामा कुनै सीमा छैन।

आवश्यक छैन।

ओमोरी हिगासी विशेष उपशाखा कार्यालय

☎ 03-3741-8801 FAX 03-3741-8552

E-mail omorih@city.ota.tokyo.jp

## ■आर्थिक वर्ष 2024 साल "सोबान नेन्बुचु" को सार्वजनिक प्रदर्शनी

"सोबान नेन्बुचु" भनेको सोबान बजाउँदै बुद्धको नाम जप्ने अभ्यास हो र यसलाई इनजेइ नेन्बुचु भनेर भनिन्छ। यो 1991 सालमा टोक्योको 23 सहरहरू भित्रबाट एकमात्र "टोक्यो महानगरपालिका अमूर्त लोक सांस्कृतिक सम्पदा (आनीबानी तथा प्रचलन)" को रूपमा तोकिएको ओता सहरको परम्परागत संस्कृति हो। यो सांस्कृतिक सम्पदालाई जोगाउनको लागि इमाइजुमी एन्मेइजी सोबानको संरक्षण संघको स्थापना गरी हरेक वर्ष टोक्यो सांस्कृतिक सम्पदा सप्ताहसँगै "सोबान नेन्बुचु" को विशेष सार्वजनिक प्रदर्शनी गरिन्छ।

2024 साल अक्टोबर 26 तारिख (शनिबार) 2:00 pm~4:00 pm (कार्यक्रमस्थल खोल्ने समय 1:30 pm)

इमाइजुमी एन्मेइजी (ओता सहर यागुची 2-26-17)

निःशुल्क

पहिले नाम लेखाउने 50 जना।

तल लेखिएको सम्पर्कस्थानमा फोनद्वारा आवेदन

कार्यालय यागुची विशेष उपशाखा कार्यालय

☎ 03-3759-4686 FAX 03-3759-1492



## ■काचुको घरका विगतका कथाहरू, काइस्युसम्मको कालहीन इतिहास

पत्ता लागेका नयाँ कागजातहरूबाट अहिलेसम्म त्यति थाहा नभएको काचु काइस्यु जन्मनु अघिको काचुको घरको इतिहास बुझ्न सकिन्छ।

2024 साल नोभेम्बर 15 तारिख (शुक्रबार)~2025 साल मार्च 9 तारिख (आइतबार) 10:00 am~6:00 pm *नियमित बिदा: सोमबार (सार्वजनिक बिदाको खण्डमा भोलिपल्ट)

काचु काइस्यु स्मारक भवन (ओता सहर मिनामिसेन्जोकु 2-3-1)

सामान्य टिकट 300 येन, प्राथमिक तथा निम्न माध्यमिक विद्यालयको विद्यार्थीको लागि 100 येन (विभिन्न प्रकारका छुटहरू उपलब्ध छन्)

☎ 03-6425-7608 FAX 03-6425-7610

···· कहिले ···· रकम ···· कति जना ···· कहाँ ···· आवेदन दिने तरिका ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

## ■ओता बालबालिका जापानी भाषा क्लास

यो विदेशी नागरिक आदि भएको कारण विद्यालयमा भर्ना नभएका बालबालिकाहरूको लागि सञ्चालन गरिने जापानी भाषाको क्लास हो।

【दायरामा पर्ने व्यक्तिहरू】

① र ② दुबैमा पर्ने बालबालिकाहरू

① ओता सहरमा बसोबास गर्ने 6 वर्ष~15 वर्षसम्मका बालबालिकाहरू

② जापानी भाषाको ज्ञान नभई सहरद्वारा सञ्चालित विद्यालयमा भर्ना नभएका बालबालिकाहरू




### कामाता क्लास

सोमबार, मंगलबार र बिहीबार
9:00 am~12:00 pm

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
(ओता सहर कामाता 4-16-8　2F)

0 येन

20 जना

फोन वा इमेल गर्नुहोस्

सामान्य सम्मिलित फाउन्डेशन लेगातो ओता
☎ 03-3731-3831/080-9714-6966
Email kodomonihongo@legatoota.jp

### ओमोरी क्लास

सोमबार, बुधबार र शुक्रबार
9:00 am~12:00 pm

ओता सहरद्वारा सञ्चालित सान्नो हल
(ओता सहर सान्नो 3-37-11　अन्तर्राष्ट्रिय आदानप्रदान सुविधा भित्र)

0 येन

10 जना

फोन वा इमेल गर्नुहोस्

निर्दिष्ट गैर नाफामूलक संस्था जापानी भाषा गुरुरित्तो
☎ 070-1404-8738
Email gururitto.phone@gmail.com

## ■माइ-नम्बर कार्डको म्यादमा ध्यान दिनुहोस्।

बसोबास अवधि नवीकरण गर्ने व्यक्तिहरूले माइ-नम्बर कार्डको म्याद लम्ब्याउने प्रक्रिया गर्नुपर्छ। प्रक्रिया नगरीकन त्यतिकै म्याद (बसोबास अवधि सिद्धिने मिति) बित्यो भने माइ-नम्बर कार्ड अमान्य भई पुनः जारीको प्रक्रिया गर्नुपर्ने हुन्छ। विस्तृत जानकारीको लागि सम्पर्कस्थानमा सम्पर्क गर्नुहोस् वा ओता सहरको वेबसाइटमा हेरी निश्चय गर्नुहोस्।

① ओता सहर कार्यालय 1F पारिवारिक निवासी दर्ता शाखा काउन्टर नं. 3

② ओता सहर माइ-नम्बर कार्ड सेन्टर (ओता सहर सान्नो 2-3-7)

ओता सहर माइ-नम्बर कल सेन्टर
☎ 0570-03-3370　　FAX 03-5690-8760
खुला समय:आइतबार~शुक्रबार 9:00 am~5:00 pm (शनिबार, सार्वजनिक बिदाको दिन र वर्षको अन्त्य तथा सुरुको अवधि बन्द हुनेछ)

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन　ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
ठेगाना　〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227　FAX 03-5744-1323

▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶